नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**पर्यटन विभाग**

**(पर्वतारोहण शाखा )**

www.tourismdepartment.gov.np
Email: info@tourismdepartment.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२२९
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं।


पत्र संख्या:- ०८०/८१

च नं. :-

**सगरमाथाको शिखरसम्म हिमाली बाटो निर्माण (Route Fixing) गर्ने व्यक्तित्वहरूलाई सम्मान गरिएको बारे**

# प्रेस विज्ञप्ति

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णयानुसार सन् २०२४ को वसन्त ऋतुमा सगरमाथा हिमालचुलीको आधार शिविरदेखि दोस्रो शिविरसम्म हिमाली बाटो निर्माण (Route Fixing) गर्ने जिम्मेवारी Sagarmatha Pollution Control Committee (SPCC) लाई र दोस्रो शिविरदेखि चुचुरोसम्म हिमाली बाटो निर्माण (Route Fixing) गर्न पर्यटन बिभागबाट पर्वतारोहण सञ्चालक संघलाई जिम्मेवारी प्रदान गरिएकोमा उक्त संघबाट छनौट भई Seven Summit Treks Pvt. Ltd. ले दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो निर्माण गर्ने कार्यको जिम्मेवारी पाएको थियो।

उल्लिखित संस्थाहरूलाई दिइएको जिम्मेवारी सफलतापूवक ढङ्गले सम्पन्न भइसकेको र सो सफलता प्राप्तिको निम्ति अहोरात्र खटिनुभएका Sagarmatha Pollution Control Committee (SPCC) को तर्फबाट Team Leader श्री आङ् सार्की शेर्पाको नेतृत्वमा रहनु भएका Icefall Doctors एवम् Seven Summit Treks Pvt. Ltd. को Team Leader श्री डेन्डी शेर्पा उर्फ मिङ्मार धोन्डुपको नेतृत्वमा रहनु भएका १० (दश) जना पर्वतारोहीहरू (सन् २०२४ वसन्त ऋतुको सगरमाथाका लागि पहिलो सफल पर्वतारोही दलका सदस्यहरू) लाई पर्यटन विभाग, पर्वतारोहण अनुगमन फिल्ड कार्यालय, सगरमाथा आधार शिविरमा फिल्ड कार्यालयका प्रमुख, पर्वतारोहण अनुगमन तथा सहजीकरण समितिको तर्फबाट सगरमाथा आधार शिविरमा रहनु भएका सदस्यहरू, यस विभागबाट खटिई सगरमाथा आधार शिविरमा रहनु भएका सम्पर्क अधिकृतहरू तथा विभिन्न पर्वतारोही दलका सदस्यहरूको समुपस्थितिमा सगरमाथा आधार शिविरमा आज मिति २०८१ साल वैशाख ३० गते रोज १ (तद् अनुसार १२ मे २०२४) विहान एक सम्मान कार्यक्रम आयोजना गरी अविर र फूलमाला लगाई सम्मान गरियो।

२०८१/०१/३०

विक्रम सम्वत २०८१ वैशाख ३० गते आइतवार
नेपाल सम्वत ११४४ बछलाथ्व पञ्चमी आइतवार

(चुन बहादुर तामाङ)
शाखा अधिकृत




CS Scanned with CamScanner